# सूचिकृत कम्पनीहरुको बर्गीकरण

## सम्वन्धी नेपाल स्टक एक्सचेन्ज लिमिटेडले जारी गरेको

## प्रेश विज्ञप्ती

धितोपत्र सूचिकरण विनियमावली, २०५३ को विनियम १४ को उपविनियम (२) ले व्यवस्था गरेको शर्तहरु (चुक्ता पूँजी कम्तिमा रु.२ करोड भएको, साधारण शेयरधनीहरुको संख्या कम्तिमा १००० भएको, कम्तिमा तीन बर्ष देखि लगातार मूनाफामा रहेको, शेयरको किताबी मूल्य चुक्ता मूल्य भन्दा कम नभएको र आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र उक्त आर्थिक बर्षको कारोवार तथा आय-व्यय विवरण पेश गरेको ) पुरा गर्ने कम्पनीहरुलाई नेपाल स्टक एक्सचेन्जले 'क' बर्गमा वर्गीकृत गर्दै आएको छ ।

आ.ब. २०५३/५४ देखि सूचिकृत कम्पनीहरुको बर्गीकरण गरिने प्रक्रिया आरम्भ भएकोमा हरेक बर्ष 'क' वर्गमा पर्ने कम्पनीको संख्या थपिदै गएको छ । आ.ब. २०५३/५४ मा ७ वटा, आ.ब. २०५४/५५ मा १५ वटा, आ.ब. २०५५/५६ मा १८ वटा, आ.ब. २०५६/५७ मा २३ वटा, आ.ब. २०५७/५८ मा २६ वटा, आ.ब. २०५८/५९ मा ३१ वटा, आ.ब. २०५९/६० मा ३६ वटा, आ.ब. २०६०/६१ मा ४३ वटा, आ.ब. २०६१/६२ मा ४८ वटा, आ.ब. २०६२/६३ मा ५६ वटा, आ.ब. २०६३/६४ मा ६६ वटा र २०६४/६५ मा ७१ वटा कम्पनीहरु 'क' बर्गमा बर्गीकृत भएका थिए ।

यस बर्ष थप १३ वटा कम्पनी 'क' वर्गमा परेको र ६ वटा हटेकाले ७ थप भई 'क' वर्गमा पर्ने कम्पनीको संख्या जम्मा ७८ पुगेको छ । थप हुने कम्पनीहरुमा विकास वैंक समूहवाट गण्डकी विकास बैंक लिमिटेड, गोर्खा डेभलपमेन्ट बैंक लिमिटेड, स्ववलम्वन विकास बैंक लिमिटेड, अन्नपूर्ण विकास बैंक लिमिटेड, एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड, हिमचुली विकास बैंक लिमिटेड, विराटलक्ष्मी डेभलपमेन्ट बैंक लिमिटेड र इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंक लिमिटेड, बिमा समूहवाट लुम्विनी जनरल इन्स्योरेन्स लिमिटेड र सिद्धार्थ इन्स्योरेन्स लिमिटेड वित्त समूहवाट आई.एम.ई फाइनान्सियल इ. लिमिटेड, आई.सि.एफ.सी वित्तीय संस्था लिमिटेड र सिभिल मर्चेन्ट वित्तिय संस्था लिमिटेड रहेका छन् । आ.व. २०६४/६५ मा 'क' वर्गमा रहेका नेको इन्स्योरेन्स कम्पनी लिमिटेड, एलायन्स इन्स्योरेन्स कम्पनी लिमिटेड, नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, ललितपुर फाइनान्स लिमिटेड, कस्मिक मर्चेन्ट बैंकिग एण्ड फाईनान्स लिमिटेड र गुहेश्वरी मर्चेन्ट बैंकिग एण्ड फाईनान्स लिमिटेडले साविकको नियमावली अनुसार शर्त पुरा नगरेकोले 'क' वर्गबाट हटाइएको छ ।

अन्तराष्ट्रिय मान्यता अनुरुप नै प्रत्येक बर्ष स्टक एक्सचेन्जमा सूचिकृत कम्पनीहरुको वर्गीकरण गर्ने प्रचलन रहे बमोजिम अन्य राष्ट्रहरुमा निजी क्षेत्रका पूँजीवजार संग संलग्न विशिष्ट संस्थाहरुले यस प्रकारका कार्य गर्दे आएका छन । अर्न्तराष्ट्रिय ख्याती प्राप्त Standard and Poor, ICICI जस्ता संस्थाहरुले Credit Rating (साख मूल्यांकन) गर्ने परम्परा अनुरुप विश्वका ख्याती प्राप्त स्टक एक्सचेन्जमा सूचिकृत कम्पनीहरुको Ranking गर्ने चलन रहेको छ । यसरी बर्गीकरणमा परेका कम्पनीहरुको शेयरमा लगानी गर्न लगानीकर्ताहरुमा विश्वास बढन जानेछ । 'क' बर्गमा बर्गीकृत हुन सफल सूचिकृत कम्पनीहरुलाई आयकरमा केहि छुट तथा सम्वन्धित कम्पनीका संचालक समिति र व्यवस्थापन लाई प्रोत्साहन गर्नु पर्ने व्यवस्थामा नेपाल सरकारले ध्यान दिनु पर्ने देखिन्छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा आ.व. २०६४/६५ को अन्तसम्ममा सूचिकृत कूल १४२ वटा कम्पनीहरु मध्ये निम्न लिखित ७८ वटा सूचिकृत कम्पनीहरुलाई उक्त प्रावधान अनुरुप चालु आ.ब. २०६५/६६ मा 'क' बर्गमा बर्गीकरण गरिएको व्यहोरा सर्वसाधारण लगानीकर्ता तथा सम्बद्ध सबैको जानकारीको लागि सूचित गरिन्छ ।

### 'क' बर्गमा बर्गीकृत कम्पनीहरुको विवरण

| क्र.सं. | कम्पनीको नाम | क्र. सं. | कम्पनीको नाम |
|---|---|---|---|
| अ) वाणिज्य वैंक समूह : | | | |
| १ | नविल बैंक लिमिटेड | २ | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड |

| | | | |
|---|---|---|---|
| ३ | स्ट्याण्र्डड चार्टड बैंक (नेपाल) लि. | ४ | हिमालयन बैंक लिमिटेड |
| ५ | नेपाल एसबिआई.बैंक लिमिटेड | ६ | एभरेष्ट बैंक लिमिटेड |
| ७ | बैंक अफ काठमाण्डू लिमिटेड | ८ | नेपाल ईण्डष्ट्रियल एण्ड कमर्शियल बैंक लि. |
| ९ | माच्छापुच्छ्रे वैंक लिमिटेड | १० | लक्ष्मी वैंक लिमिटेड |
| ११ | कुमारी वैंक लिमिटेड | १२ | सिद्धार्थ वैंक लिमिटेड |
| १३ | डेभलपमेण्ट क्रेडिट बैंक लिमिटेड | १४ | एनएमवी वैंक लिमिटेड |
| **आ) उत्पादन तथ प्रशोधन समूह :** | | | |
| १५ | यूनिलिभर नेपाल लिमिटेड | | |
| **इ) जलविद्युत समूह :** | | | |
| १६ | चिलिमे जलविद्युत कं लिमिटेड | | |
| **ई) विमा समूह :** | | | |
| १७ | नेशनल लाईफ ईन्स्योरेन्स कं. लि. | १८ | हिमालयन जनरल ई. कं. लिमिटेड |
| १९ | युनाईटेड इन्स्योरेन्स कं. लिमिटेड | २० | एभरेष्ट इन्स्योरेन्स कं. लिमिटेड |
| २१ | प्रिमियर इन्स्योरेन्स कं. लिमिटेड | २२ | सगरमाथा इन्स्योरेन्स कं. लिमिटेड |
| २३ | नेपाल लाइफ इन्स्योरेन्स कं. लि | २४ | लाइफ इन्स्योरेन्स कं. (नेपाल) लिमिटेड |
| २५ | लुम्विनी जनरल इन्स्योरेन्स लि. | २६ | सिद्धार्थ इन्स्योरेन्स लिमिटेड |
| **उ) वित्त समूह :** | | | |
| २७ | नेपाल फाइनान्स एण्ड सेभीङ्ग कं. लि. | २८ | एन.आई.डि.सि. क्यापिटल मार्केट्स लि. |
| २९ | नेशनल फाइनान्स लिमिटेड | ३० | नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स |
| ३१ | अन्नपूर्ण फाइनान्स कं. लिमिटेड | ३२ | काठमाण्डौं फाइनान्स लिमिटेड |
| ३३ | पिपल्स फाइनान्स लिमिटेड | ३४ | नागरिक लगानी कोष |
| ३५ | नेपाल आवास विकास वि. कं. लिमिटेड | ३६ | नारायणी फाइनान्स लिमिटेड |
| ३७ | गोर्खा फाइनान्स लिमिटेड | ३८ | युनिभर्सल फाइनान्स लिमिटेड |
| ३९ | महालक्ष्मी फाइनान्स लिमिटेड | ४० | गुडविल फाइनान्स लिमिटेड |
| ४१ | पश्चिमाञ्चल फाइनान्स लिमिटेड | ४२ | लुम्विनी फाइनान्स एण्ड लिजिंग लिमिटेड |
| ४३ | सिद्धार्थ फाइनान्स लिमिटेड | ४४ | युनाइटेड फाइनान्स लिमिटेड |
| ४५ | एल्पीक एभरेष्ट फाइनान्स लिमिटेड | ४६ | श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स लिमिटेड |
| ४७ | इन्ट्रनेशनल लिजिंग एण्ड फाईनान्स | ४८ | प्रिमियर फिनान्स कं. लिमिटेड |
| ४९ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५० | बुटवल फाइनान्स लिमिटेड |

| | | | |
|---|---|---|---|
| ५१ | नवदुर्गा फाइनान्स कं. लिमिटेड | ५२ | किष्ट मर्चेन्ट वैंकिङ्ग एण्ड फाईनान्स लि. |
| ५३ | स्ट्याण्र्डड फाइनान्स लिमिटेड | ५४ | विरगन्ज फाईनान्स लिमिटेड |
| ५५ | वर्ल्ड मर्चेन्ट वैकिङ्ग एण्ड फाइनान्स | ५६ | एभरेष्ट फाईनान्स लिमिटेड |
| ५७ | क्यापिटल मर्चेन्ट वैंकिङ्ग एण्ड फाइनान्स | ५८ | रोयल मर्चेन्ट वैंकिङ्ग एण्ड फाईनान्स |
| ५९ | प्रुडेर्नसियल वित्तिय संस्था लिमिटेड | ६० | भाजुरत्न फइनान्स एण्ड सेभिङ् लिमिटेड |
| ६१ | आई.एम.ई. फाइनान्सियल इ. लिमिटेड | ६२ | सिभिल मर्चेण्ट वित्तीय संस्था लिमिटेड |
| ६३ | आ.ई.सि.एफ.सी. वित्तीय संस्था लिमिटेड | | |
| **ऊ) विकास बैंक समूह :** | | | |
| ६४ | निर्धन उत्थान वैंक लिमिटेड | ६५ | छिमेक विकास बैंक लिमिटेड |
| ६६ | गण्डकी डेभलपमेण्ट वैंक लिमिटेड | ६७ | बिजनेस डेभलपमेन्ट बैंक लिमिटेड |
| ६८ | सिद्धार्थ विकास वैंक लिमिटेड | ६९ | सानिमा विकास बैंक लिमिटेड |
| ७० | सहयोगी विकास बैंक लिमिटेड | ७१ | गोर्खा डेभलपमेण्ट वैंक लिमिटेड |
| ७२ | स्वावलम्वन विकास वैंक लिमिटेड | ७३ | एस डेभलपमेन्ट बैंक लिमिटेड |
| ७४ | अन्नपूर्ण विकास वैंक लिमिटेड | ७५ | एक्सल डेभलपमेण्ट वैंक लिमिटेड |
| ७६ | हिमचुली विकास वैंक लिमिटेड | ७७ | विरटलक्ष्मी डेभलपमेण्ट वैंक लिमिटेड |
| ७८ | इन्फ्रास्टकचर डेभलपमेण्ट वैंक लिमिटेड | | |

मिति :२०६५/१०/२९

सुपरिवेक्षण, सूचिकरण तथा वित्त विभाग
नेपाल स्टक एक्सचेन्ज लिमिटेड